प्रतिदिन १७औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २३३ ॥ २०८२ असोज २९ गते बुधबार (15th Oct 2025 Wednesday) | Pratidin National Daily | मूल्य-रु.५/-

### अवैधरुपमा पटाका भित्रिने क्रम बढ्यो
# एकैदिन आठ लाख बढीको पटाका बरामद


झापा(प्रस) । तिहार नजिकिदै गर्दा झापामा अवैधरुपमा पटाका भित्रिने क्रम बढेको छ । तिहार आउनुअगावै गाउँशहरमा पटाका पड्काउन थालिसकिएको छ । अवैधरुपमा भित्र्याउने क्रममा एकैदिन आठ लाख बढीको पटाका बरामद भएको छ । मंगलवार बिहान ४ः३० बजे भद्रपुर नगरपालिका वडा नं. ३ मेचीपारी सीमा इलाकामा ७ लाख ६६ हजार ८७६ रुपैयाँ बराबरको पटाका बरामद भएको हो । केही अपरिचित व्यक्तिहरुले टाउकोमा बोकेर पैदल ल्याउँदै गरेको बिभिन्न १९ किसिमका



७ बोरा आतिसबाजी (पटाका) सशस्त्र प्रहरी बल, नेपाल नं. २ गण हे.क्वा. झापाबाट खटिएको मोबाईल गस्ती टोलीले बरामद गरेको थियो । प्रहरीलाई देखेर पटाका ल्याउने व्यक्तिहरु सामान छाडेर भागेका थिए । मंगलवार दिउँसो स्थानीय जनप्रतिनिधि, नेपाल प्रहरी र संचारकर्मीहरुको रोहवरमा गण परिसरभित्र ती पटाका नष्ट गरिएको गणका सूचना अधिकारी सशस्त्र प्रहरी नायव उपरीक्षक सुमन पोखेलले जानकारी दिएका छन् । त्यस्तै मंगलवार बिहान ७;३० बजे गौरीगञ्ज ४ हुक्कागाछीमा भारतबाट नेपालतर्फ लुकाई छिपाई ल्याउँदै गरेको पटाका २० बन्डल(१००० प्याकेट) बरामद गरिएको छ ।
अन्दाजी ४० हजार बराबरको पटाका प्रहरी टोलीलाई देख्नासाथ सोही ठाउँमा छाडी मानिस फरार भएका थिए । बरामद पटाकाहरु इलाका प्रहरी कार्यालय गौरीगञ्जमा राखिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

### उद्योगलाई प्राधिकरणको अल्टिमेटम
# कात्तिक २ गतेसम्म बक्यौता नतिरे लाइन काट्ने

झापा(प्रस)।नेपाल विद्युत् प्राधिकरणले ट्रंकलाइन तथा डेडिकेटेड फिडर महसुल बापतको अतिरिक्त प्रिमियम शुल्क नतिर्ने उद्योगहरूको लाइन काट्ने भएको छ । प्राधिकरणले बक्यौता नतिर्ने उद्योगहरूलाई कात्तिक २ गतेसम्मको अन्तिम म्याद दिएको छ । तोकिएको समयभित्र बक्यौता नबुझाए सबै उद्योगको विद्युत् लाइन काट्न निर्देशन दिइएको प्राधिकरणले जनाएको छ । प्राधिकरणका प्रवक्ता राजन ढकालका अनुसार प्राधिकरण सञ्चालक समितिले बक्यौता रकम उठाउने निर्णय गरिसकेको छ र सोही अनुसार कात्तिक २ गतेसम्म बक्यौता नतिर्ने उद्योगहरूको लाइन काट्ने सूचना जारी गरिएको छ।
प्रवक्ता ढकालले भने, 'अहिलेसम्म कुनै पनि उद्योगले बक्यौता तिर्न आएका छैनन् । केही उद्योगी छलफलका लागि आएका छन् । बक्यौता तिर्नुको विकल्प छैन, नतिरे सबैको लाइन काटिन्छ ।'
प्राधिकरणले कात्तिक २ गते राति १२ बजेपछि बक्यौता नतिर्ने सबै उद्योगको लाइन काट्ने तयारी गरिरहेको छ । ऊर्जामन्त्री कुलमान घिसिङले कार्यभार सम्हालेपछि बक्यौता उठाउने निर्णय गरेका थिए । उनकै निर्णयलाई साथ दिँदै कार्यकारी निर्देशक मनोज सिलवाल पनि बक्यौता उठाउन सक्रिय छन् । प्राधिकरणको बोर्ड बैठकबाट पनि ट्रंकलाइन तथा डेडिकेटेड फिडरको महसुल बक्यौता उठाउनुपर्ने निर्णय भइसकेको छ ।



यता, उद्योगी र प्राधिकरणबिच यो विवाद लामो समयदेखि चल्दै आएको छ । उद्योगीहरूले टीओडी मिटरको विवरण नभएको भन्दै बक्यौता तिर्न अस्वीकार गर्दै आएका छन् ।
नेपालमा लोडसेडिङको चरम अवस्था हुँदा २०७२ माघदेखि २०७५ वैशाखसम्म औद्योगिक तथा व्यापारिक ग्राहकहरूलाई प्राधिकरणले डेडिकेटेड फिडर तथा ट्रंक लाइनमार्फत प्रिमियम शुल्कमा विद्युत् उपलब्ध गराएको थियो ।
प्राधिकरणले यसअघि नै सार्वजनिक सूचना निकालेर बक्यौता रकम एकैचोटि भुक्तानी गर्न नसक्ने उद्योगीका लागि २८ किस्तामा तिर्ने सुविधा समेत दिएको छ । तर कात्तिक २ गतेसम्म बक्यौता बुझाउन आग्रह गरे पनि हालसम्म सम्राट् र रोल्पा सिमेन्ट बाहेक अन्य उद्योग सम्पर्कमा नआएको प्राधिकरणले जनाएको छ । पछिल्लो सूचना अनुसार सम्राट् र रोल्पा सिमेन्टले भने आंशिक रूपमा भुक्तानी गर्ने भन्दै प्राधिकरणसँग सम्पर्क गरेको प्राधिकरणले जनाएको छ ।

नेपालमा लोडसेडिङको चरम अवस्था हुँदा २०७२ माघदेखि २०७५ वैशाखसम्म औद्योगिक तथा व्यापारिक ग्राहकहरूलाई प्राधिकरणले डेडिकेटेड फिडर तथा ट्रंक लाइनमार्फत प्रिमियम शुल्कमा विद्युत् उपलब्ध गराएको थियो । तर यसरी उपलब्ध गराइएको विद्युत्‌को प्रिमियम शुल्कमा उद्योगीहरूले असहमति जनाउँदै बिल भुक्तानी गर्न अस्वीकार गरेपछि विवाद चुलिएको थियो ।

# झापा गाउँपालिकामा राहत वितरण कार्य सम्पन्न

कुमरखोद(प्रस)। झापा गाउँपालिकामा राहत वितरण कार्य मंगलवार सम्पन्न भएको छ । झापा गाउँपालिकामा गत असोज १८ र १९ गते परेको लगातार वर्षाका कारण ३४३२ घरपरिवार बाढीबाट प्रभावित भएका थिए । बाढी प्रभावितमध्ये ३०४२ घरपरिवारले राहत सामग्री पाएको झापा गाउँपालिकाका फोकल पर्सन दिपेन्द्र न्यौपानेले जानकारी दिए ।
प्रमुख प्रशासकीय अधिकृत जनार्दन निरौलाका अनुसार



तत्काल राहत सामग्री सकिएकोले खरिद प्रक्रियाको लागि कार्यपालिकाको वैठक बसी राहत सामग्री खरिद गरेर छुट भएका घरधुरीलाई राहत वितरण गरिने छ । उनले अहिलेसम्म बाढीपीडितहरुको पुनःस्थापना र राहत सामग्री खरिदमा लगभग ३० लाख रुपैयाँ खर्च भएको बताए ।

यसैगरी झापा गाउँपालिकाका कार्यबाहक अध्यक्ष अन्जुदेवी थपलियाका अनुसार मंगलवार ९५३ घरधुरी परिवारलाई राहत सामग्री वितरण गरिएको छ । उनले वडा ३ को ५७७ , वडा ५ को ११३ , वडा ६ को ६५ र वडा ७ को १९८ घरधुरीलाई राहत सामग्री वितरण गरेको बताइन् । राहत वितरण कार्यक्रममा नेपाल प्रहरी , सशस्त्र प्रहरी , नेपाली सेना , रेडक्रसकर्मी र विभिन्न संघ संस्थाहरुले सहयोग गरेका थिए ।
झापा गाउँपालिकामा असोज १८ र १९ गते परेको लगातार वर्षाका कारण बाढी प्रभावित क्षेत्रका विद्यालयका विद्यार्थीहरुलाई मंगलवार व्याग, शैक्षिक सामग्री र पोशाक वितरण गरिएको छ ।

# संसद् विघटनविरुद्धको रिट सर्वोच्च अदालतमा पेस

झापा(प्रस) । सर्वोच्च अदालतमा संसद् विघटनविरुद्धको रिट पेस भएको छ । अदालतमा मंगलबार ५ वटा रिट पेस भएको हो ।

वर्तमान सरकार काम चलाऊ भएको भन्दै दीर्घकालीन असर



पर्ने कुनै पनि कार्य नगर्नु नगराउनु भन्दै रिट पेस भएको अधिवक्ता कीर्तिनाथ शर्मा पौडेलले जानकारी दिए ।
जेनजी आन्दोलनपछि नयाँ प्रधानमन्त्री बनेकी सुशीला कार्कीको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले संसद् विघटन गरेर फागुन २१ मा मध्यावधि निर्वाचन घोषणा गरेका छन् । सबै रिट अध्ययनका क्रममा रहेको सर्वोच्च प्रशासनले जनाएको छ ।

# ५० वटा घर बाढीले पूर्णरुपमा क्षतिग्रस्त

झापा(प्रस)। बाढीग्रस्त झापा गाउँपालिकाका करिव ५० वटा घर माई खोलाको बाढीले पूर्णरुपमा क्षतिग्रस्त भएका छन् । माई खोलाको बाढीले डुबान गर्दा वडा नं १ र २ का त्यति घर भत्किएका हुन् । ती घरहरु बस्न नसक्ने अवस्थामा पुगेका छन् । अन्य घरहरुमा सरसफाई र पुनर्निर्माण गरेर बस्न मिल्ने



भएपनि केही घरहरु काम नै नलाग्ने अवस्थामा पुगेको झापा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जनार्दन निरौलाले बताए । उनले ती घरहरुलाई पालिकाले बनाइदिन लागेको जानकारी दिए ।
' पालिकासंग केही बजेट छ र केही बजेट कोशी प्रदेश सरकारसंग माग्छौं' उनले भने,' ती घरहरु निर्माण गरिदिनै पर्ने छ ।' झापा गाउँपालिकामा ३४३२ घरधुरी बाढीबाट प्रभावित भएका छन् ।

# गिरिबन्धु टी-स्टेट जग्गा प्रकरणको फाइल खोल्न उजुरी आह्वान

झापा(प्रस) । अन्तरिम सरकारका गृहमन्त्री ओमप्रकाश अर्यालले गिरिबन्धु टी-स्टेटको जग्गा प्रकरणसम्बन्धी फाइल खोल्नका लागि उजुरी दिन आह्वान गरेका छन्। सिंहदरबार परिसरमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै गृहमन्त्री अर्यालले नागरिकहरूले उठाउँदै आएका यस्ता प्रकरणका फाइल खोल्नका लागि पीडितहरूले उजुरी दिनुपर्ने बताएका हुन्।
मन्त्री आफैँ उजुरी हाल्दै हिँड्न नमिल्ने र लिखित रूपमा राज्य संयन्त्रमा उजुरी आए मात्र प्रक्रिया अगाडि बढ्ने उनको भनाइ छ। गृहमन्त्री अर्यालका अनुसार देश अब आदेशले नभई कानुनले चलिरहेको छ।
उनले भइरहेको कानुन कार्यान्वयन हुने र कसैले पनि त्यसमा हस्तक्षेप नगर्ने जिकिर गरे। उनका अनुसार राज्य संयन्त्रले कुनै पूर्वाग्रह नराखी कानुन, प्रमाण र उजुरी हेरेर काम गर्नेछ।



उनले भने, 'पहिले आदेशले हुन्थ्यो, अहिले कानुनले हुन्छ। जे छ, कानुनबमोजिम हुन्छ। भइरहेको कानुन कार्यान्वयन हुन्छ। हस्तक्षेप कतै पनि हुँदैन। कानुनले आफ्नो कार्य लिन्छ। अब बडो अर्ग्यानिक वेमा हुन्छ। कुनै पूर्वाग्रह राखेर पनि हुँदैन, प्रमाण हेरिन्छ, कानुन हेरिन्छ, उजुरी हेरिन्छ। हाम्रा संयन्त्रहरूले त्यही हेरेर काम गर्दछन्। जहाँ प्रमाण छ, जहाँ कानुनले ठाउँ दिन्छ, त्यहाँ रिजल्ट देख्नुहुन्छ। यो सुशासनको मान्यता नै त्यही हो। फेयरनेस, कानुनी आधार, प्रमाण चाहिन्छ, राज्य संयन्त्र त्यसैगरी चल्नुपर्छ।'
उनले कानुनको अघि सबै समान रहेको र गल्ती गर्ने सबै सजायको भागीदार हुनुपर्ने तथा राम्रो काम गर्ने पुरस्कृत हुनुपर्ने बताए। उनले गिरिबन्धु लगायतका प्रकरणमा अख्तियार वा प्रहरी प्रशासन मार्फत उजुरी आउनुपर्नेमा जोड दिए।

उनले भने, 'मन्त्रीले उजुरी हाल्दै हिँड्दैन, यो अपेक्षा नगर्नुहोला। तर पीडितले बैना दिनुभएको छ, बैना सङ्कलन गरियो, त्यही बैना सायद घुसको रूपमा प्रयोग पनि भयो कि? त्यही बैनाबापतको पैसा निर्णय गराउने कुरामा खर्च गरियो कि? यो कुरा त जसले देखेको, भोगेको, पीडित भएको मान्छेले राज्य संयन्त्रमा ल्याइदिनुपर्छ।' यसैबीच, मन्त्री अर्यालले तोकिएको समयमा निर्वाचन हुने दाबी पनि गरे।



## सम्पादकीय

# विपिनको शव नेपाल ल्याऊ

**विगत दुई वर्षदेखि प्यालेस्टिनी समूह हमासको कब्जामा रहेका नेपाली विद्यार्थी विपिन जोशीको बारेमा अनेकन भ्रम फैलाइयो। उनी जीवितै रहेको र उनी मरिसकेको दुवै थरिका भ्रम फैलाएर उनको परिवारलाई चोट पुर्याउने काम भयो। अन्ततः उनी जीवित नरहेको पुष्टि भयो। उनको शव नेपाल ल्याउने प्रक्रिया सुरू गरिएको छ।**

**परराष्ट्र मन्त्रालयले आज मंगलवार विज्ञप्ति जारी गरी इजरायलस्थित नेपाली दूतावासका प्रतिनिधिले तेल अविवस्थित 'नेशनल सनेटर फर फरेन्सिक मेडिसिन' को भ्रमण गरी विपिनको शवबारे थप पुष्टि गरेको र शव नेपाल ल्याउनेबारे प्रक्रिया सुरु भएको जनाएको छ।**

**मन्त्रालयले जोशीको शव नेपाल ल्याइसके पश्चात् पनि निजको मृत्युको वास्तविक कारण र परिस्थितिका सम्बन्धमा सम्बन्धित सरकार तथा सरोकार भएकाहरूसँगको सहयोग र समन्वयमा सत्यतथ्य पत्ता लगाउन, न्याय दिलाउन र निजको परिवारले पाउने सामाजिक सुरक्षा, क्षतिपूर्ति, बिमा, सुविधा आदिको लागि उचित पहल जारी राख्ने जनाएको छ।**

**परराष्ट्र सचिव अमृतबहादुर राईले इजरायलको परराष्ट्र मन्त्रालयका समकक्षी 'डाइरेक्टर जनरल' एडेन बार तलसँग टेलिफोन कुराकानी गरेको र उनले नेपाली नागरिक जोशीको निधन भएको औपचारिक जानकारी गराएको मन्त्रालयले उल्लेख गरेको छ।**

**यसैगरी इजरायल र हमास समूहबीचको दुई वर्ष लामो द्वन्द्वपछि भएको यद्धविरामपश्चात् हमासले जोशीको शव सोमबार रेडक्रसमार्फत इजरायललाई हस्तान्तरण गरेको जनाइएको छ। सन् २०२३ अक्टोबर ७ देखि हमासको कब्जामा रहेका इजरायलको सिक्दै र कमाउँदै कार्यक्रममा सहभागी नेपाली विद्यार्थी जोशीको सकुशल रिहाइका लागि नेपाल सरकारले सुरुदेखि विभिन्न तहबाट यथासम्भव सबै किसिमका प्रयासहरू गरेको थियो।**

**इजरायल र हमासबीच युद्धविराम भएपछि सन् २०२५ अक्टोबर १३ का दिन इजरायली सेनाले त्यहाँस्थित नेपाली राजदूत, विपिनका दाजु, आमा, बहिनी, इजरायली परराष्ट्र मन्त्रालय र इजरायली प्रधानमन्त्री कार्यालयका अधिकारीसहितको भर्चुअल बैठकमार्फत रिहा हुने बन्दीमा विपिन जोशीको नाम समावेश नरहेको र उनको अवस्था अज्ञात रहेको जानकारी गराएको थियो।**

**परराष्ट्र मन्त्रालयले हमास समूहको नियन्त्रणमा रहेका विपिनको मृत्युको खबरले स्तब्ध भएको उल्लेख गर्दै यस दुःखद् घडीमा मृतकप्रति श्रद्धाञ्जली र शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गरेको छ।**


Pratidin National Daily
प्रतिदिन
तपाईं जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# निर्वाचनका निम्ति मतदाता शिक्षा



• डा.अर्जुनकुमार खड्का

जेनजी आन्दोलनपश्चात् गठित वर्तमान सरकारले २०८२ फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन गराउनुपर्ने मूल काम रहेको छ। यसै कार्यका लागि निर्वाचन आयोगले २०८२ कात्तिक १६ गतेसम्म १८ वर्ष उमेर पूरा हुने नेपाली नागरिकले मतदाता नामावलीमा नाम समावेश गर्न सूचना प्रकाशन गरेकाले जिल्लास्थित निर्वाचन कार्यालयमा चहलपहल बढ्न थालेको देखिन्छ। यसैले अहिलेको चहलपहललाई हेर्दा नयाँ मतदाताको सङ्ख्या उल्लेखनीय वृद्धि हुन सक्ने देखिएको छ। हाल रहेको एक करोड ८१ लाख ६८ हजार २३० मतदाता सङ्ख्यामा अब नयाँ मतदातासमेत थपिने अवस्था छ। जसलाई लोकतन्त्रमा सबल पक्षका रूपमा लिइन्छ किनभने धैरै मतदाताको छनोटबाट जनप्रतिनिधि निर्वाचित भएमा सही र उपयुक्त प्रतिनिधि निर्वाचित हुन सक्ने विश्वास गरिन्छ।

**मतदाता शिक्षा**

मतदाता शिक्षा भन्नाले कुनै निर्वाचनका लागि मतदान प्रक्रियाको विशिष्टता र मतदान गर्ने साधनबारे मतदातालाई जानकारी गराउन अवलम्बन गरिने जानकारी, सूचना, सामग्री तथा कार्यक्रमसम्बन्धी कार्यलाई जनाउँछ। वास्तवमा जनप्रतिनिधिको छनोट कुन विधि र प्रक्रिया वा कसरी गर्ने ? भन्ने जानकारी सम्बन्धित मतदातालाई गराउनुपर्ने दायित्व निर्वाचन आयोगको हो। यस्तो जानकारी गराउने कार्यलाई सामान्य अर्थमा मतदाता शिक्षा भन्ने गरिन्छ।

मतदाता शिक्षाका लागि महत्वपूर्ण सामग्रीमध्ये पोस्टर, ब्यानर, पम्पलेट तथा लिफलेटलगायत अन्य सामग्री वा गतिविधि रहन सक्ने अवस्था देखिएको छ। सडक नाटकमार्फत भूमिका खेल्ने, रेडियो कार्यक्रम, जिङ्गलहरू, गीत, कमिक, नाटक वा स्ट्रिपहरू वा इन्टरनेट एवं मिडिया अभियानहरू व्यवस्थित गर्न सकेमा यसले सबै मतदाता विशेषतः अशिक्षित मतदातामा सकारात्मक प्रभाव पर्न सक्ने अवस्था रहन्छ। मतदान शिक्षा आधारभूत मानव अधिकार तथा मतदान अधिकार, मतदाताको भूमिका एवं निर्वाचन र लोकतन्त्रबिचको सम्बन्ध जस्ता अवधारणासँग पनि सम्बन्धित छ। लोकतान्त्रिक निर्वाचनका लागि आवश्यक सर्तहरू, मतपत्रको गोपनीयता, प्रत्येक मत महत्वपूर्ण छ र सार्वजनिक जवाफदेहितामा यसको प्रभाव एवं मतदाताले दिएका मत कसरी सिटमा परिणत हुन्छ भन्ने कुरालाई पनि यसैका माध्यमबाट जानकारी गराउन सकिन्छ। मतदाता शिक्षाका माध्यमबाटै विद्युतीय मतदान प्रक्रियामा पूर्ण रूपमा सहभागी हुन मतदातालाई प्रोत्साहित गर्न र मतदानका लागि तयार गर्न सक्ने अवस्था पनि रहन्छ।

मतदाता शिक्षामा मुख्य गरेर चार वटा सिद्धान्त रहेका छन्। पहिलो, लोकतान्त्रिक प्रक्रियाप्रति सच्चा रहन सुनिश्चित गर्ने। दोस्रो, योग्य मतदाताको सार्वभौमिक अधिकारको सदुपयोग गर्ने, जसले गर्दा योग्य मतदाता, धनी वा गरिब, युवा वा वृद्ध, पुरुष वा महिलालगायत सहरी तथा ग्रामीण सबैले मतदाता शिक्षाबाट लाभान्वित हुन पाउनुपर्ने अवस्था सिर्जना हुन्छ। यसै गरी निर्वाचनमा कुनै वर्ग विशेष वा जातजातिलाई भेदभाव गर्न नहुने। तेस्रो, मतदाता शिक्षाले सधैँ निष्पक्ष रहन ध्यान दिनुपर्ने अवस्था रहन्छ। यो अवस्था अनिवार्य छ र यसको पालना गरेमा सफल भविष्यको समर्थनलाई सकारात्मक सहयोग पुग्ने छ। सूचना वा टिप्पणीहरू कुनै निश्चित पार्टी वा चुनावी प्रक्रियाको पक्षपाती हुनुहुँदैन। निष्पक्षताले कार्यक्रमहरू विश्वसनीय रहिरहन र नागरिक समाजले लोकतान्त्रिक प्रक्रियालाई समर्थन गर्न सक्ने अवस्था रहन्छ। चौथो, सिद्धान्तमा स्पष्टता, यसले कुनै पनि मतदाता शिक्षा अभियानको सन्देश आममानिसलाई स्पष्ट र बुझ्ने खालको हुनु पर्छ। विशेष गरी स्थानीय भाषामा र एक माध्यममार्फत प्रदान गरिनु पर्छ जसले बुझ्ने सुविधा दिन्छ। कठिन आवधारणालाई सरल शब्दमा व्याख्या गर्नु पर्छ। यसबाहेक मतदाता शिक्षामा निश्चित लक्षित दर्शक छन् किनभने लक्षित दर्शक स्थापना गर्न महत्वपूर्ण छ ताकि यसले दर्शकबारे जान्न र तिनीहरूलाई राम्रोसँग सम्बोधन गर्न शिक्षा विधिहरू तयार गर्न सक्ने अवस्था रहोस्। यसबाहेक मतदाता शिक्षामा निश्चित लक्षित वर्ग वा समुदायबारे जान्न सक्ने विधि तयार गर्नुपर्ने हुन्छ।

**मतदाताको संवैधानिक हक**

मतदाता शिक्षाको जानकारी पाउनु प्रत्येक मतदाताको संवैधानिक हक हो। अर्कोतर्फ मानव अधिकारको अभिन्न पाटो पनि हो। मतदाता शिक्षाको माध्यमबाटै निर्वाचन सफल र लोकतान्त्रिक हुनका लागि मतदाताले आफ्नो अधिकार र जिम्मेवारी बुझ्न सक्ने अवस्था रहन्छ। यसले गर्दा नै सबै मतदाता कानुनी रूपमा वैध तवरले स्वतन्त्र, निष्पक्ष तथा भयरहित अवस्थामा मतदान गर्न र मतदान प्रक्रियामा निर्णायक एवं अर्थपूर्ण अवस्थामा भाग लिन पर्याप्त जानकार हुन सक्नुका साथै मतपत्र बदर हुने अवस्थामा पनि कमी आउन सक्ने वातावरण सिर्जना हुन सक्छ।

व्यवहारमा मतदाता शिक्षाले निर्वाचन प्रक्रियासँग सम्बन्धित आधारभूत ज्ञान तथा निर्वाचनबारे जानकारीमूलक सन्देश प्रवाह गर्ने कार्य नै हो। यसले सामान्यतया मतदाताको उमेर, जनसङ्ख्याको उद्देश्य, निर्वाचन प्रक्रियालगायत निर्वाचनसँग सम्बन्धित अन्य विविध पक्षका सन्दर्भमा जनचेतना अभिवृद्धि गर्न सहयोग पुर्‍याएको हुन्छ। मतदाता शिक्षाले विभिन्न उमेर समूहलगायत फरक क्षमता भएका व्यक्तिलाई निर्वाचनमा सहभागी गराउन प्रोत्साहित गर्ने उद्देश्यले गर्दा निर्वाचन प्रक्रियाको स्पष्ट र सही बुझाइमा मद्दत पुर्‍याउन सक्ने अवस्था रहन्छ। यसबाहेक व्यवहारमा मतदाता शिक्षाका लागि नागरिक समाज, महिला समूह, युवा समूह, फरक क्षमता भएका व्यक्ति, सञ्चार माध्यम, राजनीतिज्ञ, पर्यवेक्षक, सुरक्षा निकाय, धार्मिक नेता जस्ता धेरै समूहलाई लक्षित गर्नुपर्ने अवस्था रहन्छ। किनभने सचेत सहभागी मतदाताका कारणले नै निर्वाचनको शान्तिपूर्ण आचरण र जनताबाट यसको नतिजालाई स्वीकार गर्न योगदान पुर्‍याउँछ। मतदाता शिक्षाले मतदाताको उत्प्रेरणा र चुनावमा पूर्ण रूपमा भाग लिनका लागि तयारी गर्ने कार्य गर्छ। यसै गरी मतदानको निम्ति सोधिने प्रश्न जस्तै कसलाई, कसरी, कहिले र कहाँ मतदान गर्ने भन्ने कुराको सन्दर्भमा पनि ज्ञान हुन सक्ने अवस्था रहन्छ। यसर्थ निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष तथा विश्वसनीय रूपमा सम्पन्न गर्नका लागि मतदाता शिक्षाको आवश्यकता रहन्छ।

मतदाता शिक्षा नेपालमा अझै पनि कमजोर अवस्थामा रहेको पाइन्छ। यसको मुख्य कारण निर्वाचनमा मत बदर हुने सङ्ख्या बढिरहेको अवस्था एकातर्फ छ भने अर्कोतर्फ स्वयम् जनप्रतिनिधिको मतपत्र बदर भएको अवस्था छ। उदाहरणका लागि केही समयअघि राष्ट्रिय सभाको निर्वाचनमा भएको मतदानमा जनप्रतिनिधिले दिएको मत नै बदर भएको अवस्था देखियो। यस्तो कार्य निर्वाचनको सबल पक्ष होइन। यसले निर्वाचनलाई सक्षम, सबल तथा सहयोग गर्न सक्दैन। गत प्रतिनिधि सभाको निर्वाचनमा खसेको मतको करिब ५.६ प्रतिशत मत बदर भएको थियो यसमा पनि सुदूरपश्चिम प्रदेशमा बढी मत बदर भयो। आश्चर्य के छ भने भारतमा भएको लोक सभाको निर्वाचनमा एक प्रतिशतभन्दा पनि कम मात्र मत बदर भएको कुरा भारतको निर्वाचन आयोगको तथ्याङ्कबाट देखिन्छ। मतपत्र बदर कम गर्न मतदाता शिक्षा नै उपयुक्त माध्यम हो।

**कानुनी व्यवस्था**

मतदाता शिक्षालाई निर्वाचन आयोगबाट विगतमा सञ्चालन हुँदै आएको अवस्था रहे तापनि निर्वाचनसम्बन्धी कानुन मुख्यतः निर्वाचन आयोग ऐन, २०७३, मतदाता नामावली ऐन, २०७३, निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ र राजनीतिक दलसम्बन्धी ऐन, २०७३ मा स्पष्ट व्यवस्था गरिएको अवस्था छैन। तथापि निर्वाचन आयोगका तर्फबाट मतदाता शिक्षाका लागि विभिन्न स्रोत, नीति, निर्देशिकालगायतका व्यवस्था गरिएको अवस्था छ। जस्तै सामाजिक अध्ययन शिक्षकका लागि निर्वाचन शिक्षा स्रोत पुस्तिका २०८२, निर्वाचन तथा मतदाता शिक्षा नीति २०७८, निर्वाचन शिक्षा तथा मतदाता शिक्षा निर्देशिका, २०७८ छन्। ती नीतिगत र कानुनी पाटोको कार्यान्वयनको अवस्था कमजोर रहेका कारणबाट मत बदर हुने कार्यमा अझै कमी आएको पाइँदैन।

**अन्तर्राष्ट्रिय अभ्यास**

अन्तर्राष्ट्रिय अभ्यासलाई दृष्टिगत गर्दा विशेष गरी निर्वाचन आयोग नै मतदाता शिक्षाका लागि मुख्य रूपमा जिम्मेवार रहने गरेको पाइन्छ। तथापि सार्वजनिक र निजी सञ्चारका साधन राजनीतिक दल र गैरसरकारी तथा अन्तर्राष्ट्रिय संस्थाले पनि मतदातासमक्ष सन्देश पुर्‍याउन भूमिका खेल्न सक्ने अवस्था रहन्छ। निर्वाचन आयोगबाहेक अन्य निकायको सहयोग भएमा मतदाता शिक्षामा रचनात्मक दृष्टिकोणले सूचनालाई अझ फैलाउन र राम्रोसँग बुझ्न मद्दत पुगेको पाइन्छ। यसमा पनि द्वन्द्वग्रस्त मुलुकमा मतदाता शिक्षा अनिवार्य हुने गर्छ। लामो द्वन्द्वपछि हुने निर्वाचनमा मतदाता अभ्यस्त हुन नसक्ने भएको हुँदा मतदाता शिक्षाले सकारात्मक भूमिका खेल्न सक्छ। उदाहरणको लामो द्वन्द्वपछि लाइबेरिया, सेरालियोन, सुडान, रुवान्डा तथा अफगानिस्तानमा सन् २००० को दशकमा संयुक्त राष्ट्रसङ्घका तर्फबाट ती मुलुकमा निर्वाचन गर्दा मतदाता शिक्षामा बढी जोड दिइएको थियो। मतदाता शिक्षा अन्य विकसित मुलुकको पाठयक्रममा समेत समावेश गरिएको पाइन्छ।

मतदाता शिक्षाको महत्वलाई दृष्टिगत गर्दै नेपालमा निर्वाचन आयोग वा सरोकारवाला निकायले निर्वाचनमा बलियो निर्वाचन प्रक्रिया, सुशासन एवं विधिको शासनका लागि कानुनी ढाँचामार्फत मतदाता शिक्षालाई अनिवार्य औजारका रूपमा अवलम्बन गर्न आवश्यक छ। जसले गर्दा मतदाता शिक्षामार्फत शान्ति स्थापना र शान्ति निर्माण प्रक्रियालाई अभिवृद्धि गर्न सकिने छ। मतदाता शिक्षा एक अपरिहार्य र निरन्तर चलिरहने प्रक्रिया भए तापनि निर्वाचनको समयमा बढी महत्व रहने गरेको हुँदा केही महिनापछि हुन गइरहेको प्रतिनिधि सभा निर्वाचनका लागि निर्वाचन आयोगले अग्रसरता लिनुपर्ने देखिन्छ।

# बालविकास शिक्षाको पुनर्संरचना

• प्रेमबहादुर थापा

विश्व बैङ्कको एक अध्ययनले प्रारम्भिक बालविकासमा गरेको लगानीको प्रतिफल १७ गुणासम्म भएको देखाएको छ। बाल्यावस्थामा उचित विकास र सिक्ने अवसर पाउनु उनीहरूको मूल अधिकार हो। यस अधिकारको सुनिश्चित गर्न राज्यले बालविकाससम्बन्धी विभिन्न कार्यनीति अवलम्बन गर्दै आएको छ। नेपाल सरकारले शिक्षा ऐन, २०२८ सातौँ संशोधनदेखि एकबर्से पूर्वप्राथमिक शिक्षालाई मान्यता दिएको हो। प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनसम्बन्धी निर्देशिका, २०६१ ले प्राथमिक कक्षामा भर्ना हुनका लागि पाँच वर्ष उमेर पूरा नभएका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक र बौद्धिक विकासलगायत सर्वाङ्गीण विकासका लागि सञ्चालन गरिने कार्यक्रम भनेको छ। प्रारम्भिक बालविकास केन्द्र राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका पहिलो संशोधन (२०७५) अनुसार बालबालिकाको सर्वाङ्गीण विकासका लागि बालविकास केन्द्रको महत्वपूर्ण योगदान रहेको छ। नेपालमा विसं २०५७ सालअघि सामान्य रूपमा सञ्चालित यस कार्यक्रमले सबैका लागि शिक्षा कार्यक्रमको विश्वव्यापी घोषणापछि ठुलो मान्यता पायो। सोही अनुसार सबैका लागि शिक्षासम्बन्धी राष्ट्रिय कार्ययोजना सन् २००३ मा पहिलो लक्ष्यका रूपमा स्थान पाई यसको व्यापक विस्तार हुन थालेको हो।

पूर्वप्राथमिक विद्यालय पाठ्यक्रमको मूल उद्देश्य स्पष्ट पार्दै प्रारम्भिक बालविकास दिग्दर्शन, २०६२ प्रकाशित हुन पुग्यो। यसमा विविध मनोरञ्जनात्मक शिक्षण सिकाइ क्रियाकलापका माध्यमबाट तीनदेखि चार वर्ष उमेर समूहका सम्पूर्ण बालबालिकालाई प्राथमिक विद्यालयका लागि तयार गर्ने उद्देश्य राखिएको थियो। बालबालिकालाई बौद्धिक, मानसिक, शारीरिक, संवेगात्मक, सामाजिक, नैतिक र सिर्जनात्मक विकासका अवसर प्रदान गर्नका लागि पूर्वप्राथमिक विद्यालय सञ्चालन गरिने र तिनमा बालबालिकालाई सरसफाइ तथा सुरक्षासम्बन्धी बानी बसाल्न, सामान्य शिष्टाचार गर्न अभिप्रेरित गरी प्राथमिक शिक्षाका लागि तयार बनाउने मूल ध्येय आत्मसात् गरेको देखिन्छ।

मुलुकमा परिवर्तनसँगै बनेको नेपालको नयाँ संविधानमा बालबालिकाको हक अन्तर्गत प्रारम्भिक बालविकासको हक समावेश गरिएपछि यसको संवैधानिक व्यवस्था सुनिश्चित भएको छ। शिक्षा ऐनको आठौँ संशोधन २०७३ देखि प्रारम्भिक बालविकास विद्यालय शिक्षाको संरचनाभित्र प्रविष्टि हुन पुगेको छ। यस अर्थमा नेपालको मौजुदा ऐनले विद्यालय भर्ना हुनुपूर्व एक वर्षको बालविकास शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ। कानुनतः एक वर्ष तथा प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ ले बढीमा दुई वर्षसम्मको बालविकास कार्यक्रम सञ्चालन गर्न सकिने व्यवस्था गरे पनि मूलतः सामुदायिक विद्यालयमा दुई वर्ष र संस्थागत विद्यालयमा तीनदेखि चार वर्षसम्म प्रारम्भिक बालविकास कार्यक्रमभित्र पूर्वप्राथमिक कक्षा सञ्चालन भइरहेका पाइन्छन्। चार वर्ष उमेर पूरा भएका बच्चालाई मात्र पूर्वप्राथमिक कक्षामा भर्ना गर्ने भन्ने व्यवस्था रहे पनि सोविपरीत प्लेग्रुप/मन्टेश्वरी, नर्सरी, केजी/एल केजी र युकेजी गरी चार वर्षसम्मका बालविकास शैक्षिक कार्यक्रम सञ्चालन भएको पाइन्छ। यी कार्यक्रमको उद्देश्य बालबालिकाको क्षमता अभिवृद्धि वा सर्वाङ्गीण विकास गर्नेभन्दा अधिक व्यावसायिक लाभ आर्जन गर्नेतर्फ प्रेरित भएको देखिन्छ। यस्ता विद्यालयले लगभग १८ महिनादेखिका बालबालिका भर्ना लिने गरेका छन्। जागिर, व्यवसाय वा विभिन्न कामकाजीमा संलग्न अभिभावकले सजिलोका लागि सानै उमेरदेखि बच्चा स्कुल पठाउने र स्कुलको व्यवसायमुखी प्रवृत्तिले गर्दा मूलतः सहरी क्षेत्रमा पूर्वप्राथमिक विद्यालय मौलाइरहेका छन्। कानुनमा व्यवस्था गरिएभन्दा फरक प्रकृतिले कक्षा सञ्चालन गर्दै आएकाले सरकारले उनीहरूले दिनुपर्ने सेवा र उठाउन पाउने शुल्कको कसिलो दायराभित्र ल्याउन सकेको पाइँदैन।

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले प्रारम्भिक बालविकास र शिक्षाको उमेर चार वर्ष, आधारभूत तह कक्षा १ देखि ८ सम्मको उमेर पाँचदेखि १२ वर्ष र माध्यमिक तह ९ देखि १२ का लागि १३ देखि १६ वर्षको हुनुपर्ने उल्लेख गरेको छ। कानुनी व्यवस्थामा तोकिएको उमेर अनुसारको कक्षामा भर्ना भई उत्तीर्ण हुँदै जानु गुणस्तरीय शिक्षाको सूचक हो। यही कुरा संस्थागत विद्यालयमा पढेको विद्यार्थीको परिवेशसँग फरक देखिन्छ किनभने उनीहरू चार वटा तह र वर्षका बालविकास शिक्षामा समय व्यतीत गरेका हुन्छन्। अनि मात्र कक्षा उन्नति हुँदै जाँदा तोकिएको उमेर र कक्षाबिचमा सामञ्जस्यता मिलेको हुँदैन। शिक्षा मन्त्रालयले पछिल्लो समय परिष्कृत र सबल बनाउँदै लगेको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (इमिस) मा संस्थागत विद्यालयले चार वर्षसम्म नै एक वर्षको इसिडी तहमा विवरण अद्यावधिक गर्ने गरेका छन्। अर्कोतर्फ सामुदायिक विद्यालयमा भने अझै पनि अभिभावकले बच्चालाई ठुलो भएपछि मात्रै भर्ना गर्ने परिपाटीले उमेर अनुसारको कक्षामा बालबालिकाले अध्ययन गरेको पाइँदैन। अतः संस्थागत विद्यालयमा धेरै वर्षसम्म बालविकासमा राख्ने र सामुदायिक विद्यालयमा समयमै भर्ना नगर्ने परिपाटीले गर्दा नेपालमा विद्यालय शिक्षाको खुद भर्नादर वृद्धि गर्न सकिएको छैन।

विद्यालय क्षेत्र विकास योजना २०७३-२०७९ ले प्रारम्भिक बालविकासलाई पाँच वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक तथा नैतिक क्षमताको विकास गरी प्रारम्भिक बालविकास शिक्षालाई अधिकारमा आधारित बनाई विद्यालय प्रवेशको तयारी गराउने उद्देश्य लिएको थियो। यिनै पृष्ठभूमिमा नेपाल सरकारले प्रारम्भिक बालविकास कार्यक्रम अन्तर्गत चार वर्षका बालबालिकालक्षित समुदाय र विद्यालयमा आधारित बालविकास केन्द्र कार्यक्रम सञ्चालन गर्दै आएको छ। प्रारम्भिक बालविकासको अनुभव लिएर कक्षा १ मा भर्ना भएका बालबालिकाको नियमितता, टिकाउदर, कक्षा उत्तीर्णदरलगायतका शैक्षिक उपलब्धिमा वृद्धि भएको विभिन्न समयमा प्रकाशित शैक्षिक तथ्याङ्कले पुष्टि गर्दै आएको छ।

अब बन्ने प्रक्रियामा रहेको सङ्घीय शिक्षा ऐनमा प्रारम्भिक बालविकासलाई केकस्तो बनाउने भन्नेबारे सरोकारवालाको चासो र सवालको विषय बनेको छ। शिक्षाविद् तथा मनोविद्ले बालविकास शिक्षालाई दुई वर्षको बनाउन सकिने विचार व्यक्त गर्दै आएका छन्। अतः नेपालका विगतका अभ्यासबाट भएको सिकाइ र संसारका राम्रा अभ्यासलाई हेर्ने हो भने नेपालका सन्दर्भमा बालविकास कार्यक्रमलाई दुई वर्षको बनाउनु व्यावहारिक देखिन्छ। पहिलो वर्षमा विद्यालय जाने बानीको विकास गराई खेलाउने तथा हेरविचार गर्ने र दोस्रो वर्षमा शारीरिक, बौद्धिक, सामाजिक, तथा भाषिक विकासमार्फत आधारभूत शिक्षाका लागि पूर्वतयारी गराउनु आवश्यक देखिन्छ।

बालबालिकाको पहिलो पाठशाला घर हो। यस पाठशालामा अभिभावकले न्यूनतम भाषा, संस्कृति, सिकाइ व्यवहार र वातावरणमा समायोजन नगराई विभिन्न उपनामले सञ्चालित विद्यालयमा भर्ना गर्नुहुँदैन। उप्रान्त बालविकास शिक्षालाई विद्यालय संरचनाभित्र ल्याएको अवस्थामा छुट्टै मन्टेश्वरी वा बालविकास कार्यक्रम सञ्चालन गर्न दिनुहुँदैन। ऐनले ल्याएको व्यवस्थालाई सरकारले कडाइपूर्वक कार्यान्वयन गरिनु पर्छ। हाल कार्यान्वयनमा भए जस्तो एक/दुईबर्से व्यवस्थालाई विद्यालयपिच्छे फरक अवधिका कक्षा सञ्चालन गर्न दिनुहुँदैन। सरकारद्वारा जारी गरिएको ऐनको व्यवस्था सबैलाई समान किसिमले लागु गरिनु पर्छ। कुनै बालबालिकालाई एक थरी कुनैलाई अर्को थरीको व्यवस्था लागु गरिनु वास्तवमै त्यो बालअधिकारको हनन हो। विभेदात्मक व्यवहार हो। अतः नयाँ शिक्षा ऐन जारी भएपछि त्यसको समान रूपमा कार्यान्वयन गर्नमा सबै सरोकारवाला जिम्मेवार बन्ने र नियमन गर्ने कुरालाई तिनै तहका सरकारले अनुगमन गरी अक्षरशः पालना नगर्नेलाई कारबाहीको दायराभित्र ल्याउनु पर्छ।

# अनुदान खारेजपछि चिन्तित निर्यात उद्योगी-व्यवसायी

झापा(प्रस) । सरकारले एक दशकदेखि निर्यात उद्योगी व्यवसायीहरूलाई दिँदै आएको अनुदान खारेज गरेको छ ।
स्रोत अभावको कारण देखाउँदै सरकारले अनुदान खारेज गरेको हो । नेपाली उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन सरकारले नगद अनुदान दिने गरेको थियो ।
जेनजी आन्दोलनपछि बनेको सरकारले एक्कासि यस्तो निर्णय गरेपछि निर्यात उद्योगी-व्यवसायीहरू चिन्तित बनेका छन् । व्यवसायीहरूले सरकारको निर्णयले नेपालको विदेशी मुद्रा आर्जन र आयात प्रतिस्थापनमा गम्भीर असर पर्ने प्रतिक्रिया दिएका छन् ।
सरकारले निर्यातमा दिँदै आएको अनुदान खारेज गर्ने निर्णयसँगै गत आर्थिक वर्ष २०८१/८२ र चालु आर्थिक वर्षको समेत वस्तु निर्यात गर्ने व्यवसायीहरूले पुरानो पाउनुपर्ने भुक्तानी र अब निर्यात गर्दा कुनै पनि अनुदान नपाउने भएका छन् ।
उद्योग विभागका महानिर्देशक रामेश्वर ज्ञवालीले पुरानो बक्यौता धैरै रहेको अवस्थामा बजेट नभएको कारण निर्यातमा दिँदै आएको निर्यात अनुदान कटौती गरेको बताए । उनका अनुसार अहिले बजेट व्यवस्था नभएकाले मन्त्रालयबाटै हाललाई निर्यात अनुदानका लागि आवेदन नलिने निर्देशन आएको हो ।
महानिर्देशक ज्ञवालीले अघिल्लो आर्थिक वर्षको असोज मसान्तसम्मको तीन महिनाभित्र आवेदन दिनुपर्ने व्यवस्था रहेको र सोहीअनुसार आवेदनहरू आउने गरेको जानकारी दिए । उनले पुरानो बक्यौता नै करिब ५ अर्ब रुपैयाँ बराबरको विगतको अनुदान भुक्तानी गर्ने तर नयाँ आवेदन नलिने भएको बताए ।
'पुरानै अनुदान बक्यौता बाँकी छ । त्यो सरकारले दिन सकेको अवस्था थिएन र नयाँका लागि बजेट पनि व्यवस्थापन नभएकाले सरकारले उक्त निर्णय गरेको हो', उनले भने ।
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको पत्रपछि उद्योग विभागले असोज २३ गते एक सूचना जारी गर्दै चालु आर्थिक वर्ष २०८२/८३ मा थप दाबी निवेदन नदिने जानकारी दिएको हो । विभागले असोज ९ गते मन्त्रालयबाट प्राप्त पत्रका आधारमा गत आर्थिक वर्ष २०८१/८२ को निर्यात अनुदानका लागि असोजभित्र बुझाउनुपर्ने निवेदन समेत लिन बन्द गरेको छ ।
सरकारले यो निर्णय गर्नुका पछाडि मुख्यतया स्रोतको अभाव देखाएको छ । तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले गत जेठ १५ गते चालु आर्थिक वर्षको बजेट ल्याउँदा निर्यात अनुदानका लागि आवश्यक रकम विनियोजन गरेको थिएन ।
बजेट विनियोजन नहुँदा बक्यौता रकम हरेक वर्ष बढ्दै गएको थियो । महालेखापरीक्षकको ६२ औं वार्षिक प्रतिवेदनले खाने तेलमा दिइएको अनुदानमा समेत प्रश्न उठाउँदै नेपालमा उत्पादन नहुने तेलहनमा अनुदान दिनुको औचित्यमाथि समीक्षा गर्नुपर्ने भनेको थियो ।
जेनजी आन्दोलनपछि बनेको सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले चुनावका लागि खर्चको जोहो गर्न विभिन्न शीर्षकको खर्च कटौती गरिरहेको सन्दर्भमा निर्यात अनुदान पनि रोक्ने निर्णय गरेको देखिन्छ ।
सरकारले वैदेशिक व्यापारमा निर्यात बढाउन भन्दै उद्योगीलाई १२ वर्षदेखि नगद अनुदान दिँदै आएको छ । विश्वबजारमा नेपाली वस्तुको पहुँच वृद्धिका लागि सहजीकरण गर्न सरकारले आव २०६७/६८ को बजेटमार्फत विभिन्न वस्तुमा अनुदान दिने कार्यक्रम ल्याएको थियो ।

# दसैंमा मात्र राष्ट्र बैंकबाट बाहिरियो ५६ अर्ब रुपैयाँ

झापा(प्रस) । यस वर्षको दसैंमा मात्र राष्ट्र बैंकबाट नयाँ तथा सुकिला नोट गरी करिब ५६ अर्ब रुपैयाँ बाहिरिएको छ । दसैंका लागि राष्ट्र बैंकले भदौ २९ देखि असोज १० सम्मका लागि सुकिला नोट वितरण गरेको थियो । उक्त अवधिमा राष्ट्र बैंकको केन्द्रीय र क्षेत्रीय कार्यालयबाट सिधै सर्वसाधारणलाई पाँचदेखि १ सय रुपैयाँसम्मका नोट करिब डेढ अर्ब रुपैयाँ सटही भएको छ ।
ज्ञ
बैंक तथा वित्तीय संस्थाबाट करिब साढे ४ अर्ब सटही भएको छ । सोही अवधिमा राष्ट्र बैंक र बैंक तथा वित्तीय तर, छापिएका सबै नोट एकै पटक बजारमा पठाइँदैन । देशको अर्थतन्त्रको आकार, आर्थिक गतिविधिलगायत पक्ष हेरेर राष्ट्र बैंकले बजारमा कति पैसा आवश्यक छ, त्यो मूल्यांकन गर्छ । र सोहीअनुसार आवश्यक रकम मात्र बैंक तथा वित्तीय संस्थामार्फत बजारमा पठाउँछ । यसरी बजारमा पठाइएका मुद्रालाई चलनचल्तीको मुद्रा भनिन्छ । राष्ट्र बैंकले हरेक वर्ष दसैं, तिहार, छठलगायत चाडमा मात्र नभई मागअनुसार सर्वसाधारणलाई नयाँ नोट वितरण गर्दै आएको छ । दसैं, तिहारमा भने सूचना नै निकालेर राष्ट्र बैंकले नयाँ नोट सटही सुविधा दिँदै



संस्थाबाट गरेर करिब ६ अर्ब रुपैयाँ सुकिला नोट सटही भएको छ ।
सोही अवधिमा राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थालाई करिब ५० अर्ब रुपैयाँ बाहिरिएको छ । राष्ट्र बैंकबाट सिधै, बैंक तथा वित्तीय संस्थामार्फत सर्वसाधारणलाई दिइएको सटही र बैंक तथा वित्तीय संस्थाले लिएको रकम जोड्दा दसैंको समयमा मात्र थप ५६ अर्ब रुपैयाँ बाहिरिएको हो ।
यससँगै चलनचल्तीमा रहेको मुद्रा पनि बढेर आठ खर्ब नाघिसकेको राष्ट्र बैंकले जनाएको छ । यसअघि करिब साढे ७ खर्ब रहेको चलनचल्तीको मुद्रा बढेर ८ खर्बभन्दा बढी पुगेको हो ।
नेपालमा पैसा छाप्ने त्यसको संरक्षण र व्यवस्थापन गर्ने काम राष्ट्र बैंकको हो । राष्ट्र बैंकले सबै अवस्था आकलन गरेर धेरै नोट छापेको हुन्छ ।
आएको छ । दसैं, तिहारमा ६० देखि ९० अर्ब बराबरको नयाँ नोट राष्ट्र बैंकबाट बाहिरिने गरेको थियो । यसको तुलनामा यस वर्ष दसैंको बेलामा बाहिरिने नोट पनि घटेको जनाइएको छ ।

खासगरी सर्वसाधारणले सयभन्दा साना दरका नोट धेरै साट्छन् । बैंक तथा वित्तीय संस्थाले सयभन्दा माथि (५ सय र हजार) दरका नोट बढी उपयोग गर्दै आएको राष्ट्र बैंकले जनाएको छ । यो रकममा सिक्काको हिसाब हुँदैन ।
दसैं र तिहारका अवसरमा सामान्य सिक्कासँगै चाँदी र सुनले बनेका सिक्का, चाँदीका स्मारिका सिक्का र सुनका असर्फी पनि धेरै बिक्री हुँदै आएको छ ।

# नर्सिङको तलब सरकारी सरह दिन मन्त्रालयको निर्देशन

झापा(प्रस) । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नर्सिङ तथा स्वास्थ्यकर्मीको न्यूनतम पारिश्रमिक र सेवा सरकारी सरह नघट्ने गरी लागू गर्न आग्रह गरेको छ । मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले सबै सरकारी अस्पताल, प्रतिष्ठान, मेडिकल कलेज र सामुदायिक तथा निजी अस्पताललाई नर्सिङ एव स्वास्थ्यकर्मीको न्यूनतम पारिश्रमिक र सेवा सुविधा सरकारी सरह नघट्ने गरी लागू गर्न पत्रचार गरिएको जानकारी दिए ।
मन्त्रालयले यसअघि पनि निर्देशन दिइसकेकाले कतिपय ठाउँमा कार्यान्वयन नभएको गुनासो आएकाले फेरि पनि निर्देशन दिइएको उनले बताए ।
पोखरास्थित मणिपाल शिक्षण अस्पतालमा कार्यरत नर्सिङहरुले सरकारले तोकेको न्यूनतम पारिश्रमिक पाउनुपर्ने माग राख्दै अहिले आन्दोलन गरिरहेका छन् । उनका अनुसार तोकिएको समयभन्दा बढी कामका लागि अतिरिक्त भत्ता व्यवस्था गर्न पनि निर्देशन दिइएको छ ।

मन्त्रालयले स्वास्थ्य तथा शैक्षिक संस्थाले करार गरी राख्नुपर्ने, ज्यालादारी कार्य गराउन नपाइने र सक्कली शैक्षिक प्रमाणपत्र कार्यालयमा राख्न नपाइनेसमेत निर्देशन दिएको उनले बताए । यस्तै मन्त्रालयले नर्सिङलगायत अन्य स्वास्थ्यकर्मीको पारिश्रमिक बैङ्किङ प्रणालीबाट मात्र उपलब्ध गराउनसमेत आग्रह गरेको छ ।

# ट्राफिकले जलेको कागजपत्रको सिफारिस अनलाइनमार्फत दिने

झापा(प्रस) । जेनजी प्रदर्शनमा जलेका कागजपत्रको प्रतिलिपि लिनको लागि ट्राफिक प्रहरीले अनलाइन माध्यमबाटै सिफारिस दिने



सेवाग्राहीले फारम भरेपछि ट्राफिक प्रहरी कार्यालयले क्यूआर कोड सहितको सिफारिस भएको छ । ट्राफिक कारबाहीको क्रममा उपत्यका ट्राफिक प्रहरी कार्यालय र मातहतका युनिटहरूमा राखिएका कागजात भदौ २३ र २४ मा भएको प्रदर्शनमा उच्छृङ्खल समूहले आगजनी गरेका थिए ।
सवारी चालक अनुमति पत्र, इजाजत पत्र र सवारी दर्ता किताब लगायतका कागजात पुनः प्राप्तिको लागि अनलाइनमार्फत सिफारिस लिन सकिने उपत्यका ट्राफिक प्रहरी कार्यालयका एसपी नरेश सुवेदीले बताए । उनले भने- 'प्रहरी प्रधान कार्यालयको वेबसाइटमार्फत उपत्यका ट्राफिक प्रहरी कार्यालयमा प्रवेश गरेर कागजात हराएमा भन्ने विकल्प क्लिक गरेर फर्म भर्न सकिन्छ ।'
पत्र अनलाइन माध्यमबाट नै पठाउने एसपी सुवेदीले बताए । उनले भने- 'फारम भरेपछि प्राप्त आवेदन नम्बर चाहिँ सेवाग्राहीले नोट गरेर राख्नुपर्छ ।'
उपत्यका ट्राफिक प्रहरी कार्यालयको सिफारिस लिएर सेवाग्राहीले यातायात व्यवस्था कार्यालयमा गएर आफ्नो कागजात बनाउन सक्छन् । ट्राफिकले दिएको २४ घण्टे पुर्जी वा सिफारिस पत्र देखाएर पनि तत्कालको लागि सवारी साधन सञ्चालन गर्न सकिने एसपी सुवेदीले जानकारी दिए ।

# पशुपतिनाथबाट महत्वपूर्ण घोषणा गर्दैछु : दुर्गा प्रसाईं



झापा(प्रस) । राष्ट्र, राष्ट्रियता, धर्म संस्कृति र नागरिक बचाउ महाभियानका संयोजक दुर्गा प्रसाईले वर्तमान सरकार कुनै पनि हालतमा नटिक्ने दाबी गरेका छन्।
सोमबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरूसँग कुरा गर्दै उनले देशमा राजाको आवश्यकता अपरिहार्य रहेको बताए। 'राजा भनेको सबैलाई जोडेर राख्ने हो,' उनले भने, 'धर्म भनेको देशको संविधान जस्तै हो। हामीलाई यस्तो संविधान चाहिँदैन।' उनले वर्तमान संविधानले देशलाई केही नदिएको आरोप लगाउँदै अब नागरिकहरू पूर्वराजा ज्ञानेन्द्र शाह निवास निर्मल निवास पुग्ने दिन आउँदै गरेको दाबी गरे।
प्रसाईंले हालैको राजनीतिक घटनाक्रम र सरकार गठनप्रति तीव्र आक्रोश व्यक्त गरे। उनले सुशीला कार्की नेतृत्वको सरकारलाई लक्षित गर्दै भने, 'यो सरकार टिक्दै टिक्दैन, यो डलरमा आएको हो,' उनले आफ्नो आन्दोलनलाई कसैले रोक्न नसक्ने समेत दाबी गरे।
उनले आफ्नो अभियान हिन्दु राष्ट्र स्थापनाका लागि भएको र त्यसका लागि जस्तोसुकै मूल्य चुकाउन तयार रहेको बताए। 'यो देशमा हिन्दु राष्ट्र, गर्दन जाओस्, कायम गराएर छाड्छु,' प्रसाईंले भने। उनले आफू प्रधानमन्त्री भएको भए २४ घण्टाभित्र ४०० जना भ्रष्टाचारीलाई कारबाही गरिसक्ने भन्दै कडा अभिव्यक्ति दिए।
पत्रकारको प्रश्नमा उनले पशुपतिनाथबाट एउटा महत्वपूर्ण घोषणा गर्न लागेको जानकारी दिए। 'आज एउटा घोषणा गर्दैछौं,' उनले भने, 'सडकको सरकार घोषणा हुँदैछ। विस्तृत जानकारीका लागि पशुपतिमा आउनुहोस्।' यति भन्दै उनी पशुपतिनाथ मन्दिरतर्फ लागेका थिए।

# इनड्राइभको ब्रान्ड एम्बेसडर स्वस्तिमा खड्का

झापा,असोज २७ । विश्वव्यापी मोबिलिटी र अर्बन सर्भिस प्लेटफर्म इनड्राइभले नेपालका लागि ब्रान्ड एम्बेस्डरको रूपमा चर्चित अभिनेत्री स्वस्तिमा खड्कालाई नियुक्त गरेको छ । सो घोषणासँगै कम्पनीले आफ्नो नयाँ ३६० डिग्री क्याम्पेन 'इनड्राइभसँग यात्रा तपाईंकै रोजाइमा'पनि सार्वजनिक गरेको छ । यो क्याम्पेनले स्वतन्त्रता, निष्पक्षता र पारदर्शितामा कम्पनीको मूल विश्वासलाई प्रतिविम्बित गर्दछ ।

यो क्याम्पेनले इनड्राइभको पियर-टू-पियर (एटुए)मोडेललाई केन्द्रीय अवधारणा बनाएको छ, जसअन्तर्गत प्रयोगकर्ताहरूले आफ्नै भाडा प्रस्ताव गर्न सक्ने र चालकसँग प्रत्यक्ष रूपमा मोलमोलाई गर्न सक्ने सुविधा प्राप्त गर्दछन् ।यस सिस्टमले बराबरी, सम्मान र सहमतिको वातावरण सृजना गर्दै प्रत्येक यात्राको केन्द्रमा 'स्वतन्त्रताको अधिकार' स्थापित गर्छ।
क्याम्पेनको मूल उद्देश्य 'रोजाइको स्वतन्त्रता' हो जसले प्रयोगकर्तालाई आफ्नो चालक रोज्ने, यात्राको भाडा आफैं निर्धारण गर्ने र एपमार्फत प्रत्यक्ष मोलमोलाई गर्ने स्वतन्त्रता दिन्छ। इनड्राइभ एपमार्फत यात्रुहरूले आफ्नै प्रस्तावित भाडा राख्न वा उपलब्ध चालकहरूको अफरहरु मध्ये गाडीको मोडेल, चालकको रेटिङ, र गाडी आउनलाग्ने समयका आधारमा छनोट गर्न सक्छन् । यसले यात्रु र चालक दुवैका लागि पारदर्शिता र नियन्त्रण सुनिश्चित गर्छ।
स्वस्तिमा खड्का यस क्याम्पेनको ब्रान्ड एम्बासडर बनेसँगै इनड्राइभले नेपाली दर्शक, विशेषगरी स्वतन्त्रता, मौलिकता र सशक्तीकरण चाहने युवा वर्गसँग आफ्नो सम्बन्ध अझ गाढा बनाउने लक्ष्य राखेको छ। क्याम्पेनको सन्देश 'इनड्राइभसँग यात्रा तपाईंकै रोजाइमा' ले इनड्राइभको 'पिपुल फर्स्ट 'मिशनलाई बलियो बनाउँदै निष्पक्षता र स्वतन्त्रतामाथि आधारित समुदाय निर्माणको भावना प्रष्ट पार्दछ।
इनड्राइभका एशिया-प्यासिफिक रिजनल डाइरेक्टर मार्क टल्लीले भने, 'हाम्रो ३६०क्याम्पेन 'इनड्राइभसँग यात्रा तपाईंकै रोजाइमा' ले इनड्राइभका प्रमुख मूल्यहरू, स्वतन्त्रता, समानता, र समुदायलाई मूर्त रूप दिएको छ। नेपालमा हाम्रो ब्रान्डको प्रतिनिधित्व गर्न स्वस्तिमा खड्का जस्तो प्रभावशाली व्यक्तित्व पाउनु गर्वको विषय हो। उनको आत्मिकता, सत्यनिष्ठा र मूल्यहरु इनड्राइभको दर्शनसँग पूर्णरूपमा मेल खान्छ ।'
इनड्राइभ नेपालकी कन्ट्री रेप्रेजेन्टेटिभ रीता पोखरेलले भनिन्,'इनड्राइभ सधैं समुदायलाई सशक्त बनाउने र समुदायका मानिसहरुलाई वास्तविक रोजाइको स्वतन्त्रता दिने पक्षमा रहँदै आएको छ। यो क्याम्पेन र स्वस्तिमा खड्काको सहकार्यले निष्पक्ष गतिशीलता र पारदर्शिताप्रतिको हाम्रो प्रतिबद्धता झल्काउँछ । नेपालका प्रत्येक यात्रु र चालकहरुले उनीहरूको रोजाइ साँच्चिकै महत्वपूर्ण छ भनेर महसुस गरुन् भन्ने हामी चाहन्छौं ।'
त्यस्तै ब्रान्ड एम्बासडर स्वस्तिमा खड्काले आफ्नो उत्साह व्यक्त गर्दै भनिन्,'इनड्राइभ नेपालको क्याम्पेनमा ब्रान्ड एम्बेस्डरको रूपमा जोडिन पाउँदा म अत्यन्त उत्साहित छु। इनड्राइभ निष्पक्षता र स्वतन्त्रताको पक्षमा उभिएको प्लेटफर्म हो । यात्रु र चालकले एक अर्कासँग मिलेर उचित मूल्य निर्धारण गर्न सक्ने सिस्टम मलाई अत्यन्तै मन पर्छ । यो परस्पर सम्मान, पारदर्शिता र सशक्तीकरणको कुरा हो, जुन म आफैं पनि अत्यन्तै विश्वास गर्छु।'
३६०क्याम्पेन डिजिटल, आउटडोर र अन ग्राउण्ड एक्टिभेसनहरू मार्फत देशभर लागू गरिनेछ, जसले एकीकृत संचार अनुभव प्रदान गर्नेछ। यस पहलद्वारा इनड्राइभले आफूलाई 'पिपुल ड्रिभन प्लेटफर्म' को रूपमा पुनः स्थापित गर्दै निष्पक्ष मूल्य निर्धारण, रोजाइको स्वतन्त्रता र सामुदायिक सशक्तीकरणको सन्देशलाई मजबुत बनाएको छ।

इनड्राइभ नेपालमा आफ्नो सेवा र सामुदायिक संलग्नता विस्तार गर्न प्रतिबद्ध छ, जसले आर्थिक अवसरहरू, फेयर मोबिलिटी, र सबैका लागि रोजाइको स्वतन्त्रता सुनिश्चित गर्दछ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।

वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मीन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ